नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

प्रेस रिलिज्

# नेपाल बैक लिमिटेड् र शिखर इन्स्योरेन्सबीच बैंकासुरेन्स सम्झौता

नेपाल बैक लिमिटेड र शिखर इन्स्योरेन्स कम्पनी लि.बीच बैंकास्योरेन्स सम्झौता सम्पन्न भयो । उक्त संझौतापत्रमा नेपाल बैक लिमिटेड्का प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाह र शिखर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत दीप प्रकाश पाण्डेले एक संक्षिप्त कार्यक्रमका बीच हस्ताक्षर गर्नुभयो । सो अवसरमा नेपाल बैक लिमिटेड्का प्रमुख कार्यकारी अधिकृत शाहले वित्तिय संस्थाहरु आफनो अस्तित्वका लागि न्यायोचित मुनाफाका साथै समाज र देशको आर्थिक सामाजिक उन्नयनमा समेत इमान्दार ढंगले लाग्नुपर्ने वताउंदै बीमा बजारमा विशिष्ट स्थान बनाउन सफल शिखर इन्स्योरेन्ससंग नेपाल बैकको सहकार्यबाट दुबै संस्था र समग्र देश लाभान्वित हुने  अपेक्षा गर्नुभयो । सो अवसरमा शिखर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत पाण्डेले दुर्गम स्थानमा समेत कृषि वीमामार्फत सर्वसाधारण किसानको आर्थिक हीत रक्षामा उल्लेख्य भूमिका निर्वाह गरेको स्मरण गर्दै नेपालको अग्रणी बैकसंग सहकार्य गर्न पाउंदा शिखर इन्स्योरेन्स गौरवान्वित भएको वताउनुभयो । धर्मपथस्थित बैकको प्रधान कार्यालयमा आयोजित उक्त कार्यक्रममा नेपाल बैक लिमिटेड्का सहायक प्रमुख कार्यकारी अधिकृत कृष्ण वहादुर अधिकारी ,संस्थागत योजना तथा अनुसन्धान विभागका मुख्य प्रवन्धक लेखनाथ भुसाल ,प्रेस संयोजक मुकुन्द अर्याल, शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड्का उप प्रवन्धक अन्जन ढकाल लगायतको उपस्थिति थियो ।

(मुकुन्द अर्याल )
प्रेस संयोजक


नेपाल